# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :-

गण्डकी प्रदेश, नेपाल
मिति :-

सूचना नं. : ४४

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धि सूचना !!**

सूचना प्रकाशित मिति २०७७।११।०२

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आ.व. २०७८/०७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने १८ देखि ५९ उमेर समुह भित्रका बेरोजगार व्यक्तिलेआफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा मिति २०७७ साल फागुन महिना भित्रमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयमा उपलब्ध छ साथै pmep.gov.np/publication/others वा विहादी गाउँपालिकाको वेवसाईट www.bihadimun.gov.np/rojgar_faram बाट डाउनलोड गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. १ प्रति पासपोर्ट साइजको फोटो
३. बसाइ सराई गरि आएको भए बसाइसराइको प्रमाणपत्रको प्रतिलिपि
४. परिवारका सम्पुर्ण सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (वालवालिकाहरुको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि)
५. बेरोजगार व्यक्तिको सिप भएमा सिप सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि

नोट :

- न्यूनतम रोजगारीमा संलग्न गराउँदा विशेष गरि लक्षित वर्ग, गरिव तथा सामान्य जिवन यापनमा कठिनाई भएका नागरिकहरुलाई विशेष प्राथमिकता दिइने छ ।
- बेरोजगारी फाराम भर्दा व्यक्तिगत विवरण, पारिवारिक विवरण, अन्य आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरुमा आवद्ध भए/नभएको यथार्थपरक र पूर्ण विवरण भर्नुपर्ने छ ।

प्रविन पोख्रेल
नि.प्रमुख प्रशासकीय अधिकृत